# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ओखलढुङ्गा

पत्र संख्याः ०७७/०७८
चलानी नं.

१ नं. प्रदेश, नेपाल
मितिः २०७८।०२। १८

**मनोसामाजिक कार्यकर्ता पदको दरखास्त आव्हान सम्बन्धी सूचना ।**

यस नगरपालिका तथा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (**UNFPA**) आर्थिक सहयोग र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (**CMC Nepal**) को प्राविधिक सहयोगमा यस नगर क्षेत्रमा सञ्चालित मनोसामाजिक सहयोग कार्यक्रम अन्तरगत यस नगरपालिकाको वार्ड नं.१२ मा कामकाज गर्ने गरी १ (एक) जना मनोसामाजिक कार्यकर्ता सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले उक्त जिम्मेवारीमा रही कामकाज गर्न तपसिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागिरकहरुले सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र रितपूर्वकको दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१.पदः सामुदायिक मनोसामाजिक कार्यकर्ता
२.संख्याः १ (एक)
**३.सेवाको किसिमः** करार
**४.करार अवधिः** २०७८ साल असार मसान्तसम्म
**५.काम गर्नुपर्ने स्थानः** वार्ड नं. १२ का समुदायहरु
**६.न्यूनतम योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरह उतीर्ण गरेको सम्बन्धित वडावासी विवाहित महिला हुनुपर्ने । (सो सम्बन्धी तालीम प्राप्त वा अनुभवीलाई विशेष प्राथमिकता दिइने)
**७.उमेरः** दरखास्त दिने अन्तीम मितिसम्म १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको ।
**८.दरखास्त दस्तुरः** ३०० (तीन सय)
**९.मासिक तलब सुविधाः** १०,०००।- (दश हजार) मात्र
**१०.परीक्षाको किसिमः** लिखित तथा अन्तरवार्ता
**११.परीक्षा हुने मितिः** दरखास्त दिने अन्तीम मितिको भोलिपल्ट विहान ८.०० बजे देखि नगरपालिका कार्यालयमा हुनेछ ।

**दरखास्तसाथ संलग्न राख्नुपर्ने कागजातहरुः**

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति
२.शैक्षिक योग्यता, तालीम तथा अनुभव प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति
३.यस कार्यालयको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको सक्कल रसिद
४.दरखास्त फाराम कार्यालयबाट उपलब्ध गराइनेछ ।
५.परीक्षाको पाठ्यक्रम यस कार्यालयको वेवसाइट www.siddhicharanmun.gov.np बाट लिन सकिनेछ ।

यस सम्बन्धी थप जानकारी लिनुपर्ने भएमा ९८४२९४०६०७ सरिता तामाङ्ग लाई सम्पर्क गर्न सकिने छ ।

प्रवीण कार्की
प्रमुख प्रशासकीय अधिकृत